म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१६ अङ्क:- ११८ २०८१ चैत ६ गते बुधबार 19 March 2025, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

पानीका स्रोतको संरक्षण गरौं ।
- वनसम्पदाको संरक्षण गरौं,
- खुला ठाउँमा वृक्षरोपण गरौं,
- इनार, कुँवा, पोखरी, पानी पँधेरोजस्ता पानीका स्रोतको संरक्षण गरौं,
- भूँमिगत पानीको दोहन नगरौं,
- पानीका स्रोतको संरक्षणबारे जनचेतना अभिवृद्धि गरौं,
- खोलानाला, पोखरी, ताल वरिपरी सफा र हराभरा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

स्ववियु निर्वाचन-२०८१

## मकवानपुर क्याम्पसमा ४७.४८ प्रतिशत, हेटौँडा क्याम्पसमा ५५ प्रतिशत मत खस्यो



मकवानपुर बहुमुखी क्याम्पसमा मतगणना गर्दै ।

समाज संवाददाता

हेटौँडा : स्वतन्त्र विद्यार्थी यूनियन (स्ववियू) को निर्वाचन मकवानपुरमा मिश्रित रह्यो । एउटा क्याम्पसमा विद्यार्थीको अभावमा निर्वाचन हुन सकेन भने एउटा क्याम्पसमा निर्वाचन प्रभावित बन्यो । २ वटा क्याम्पसमा सर्वसम्मत नयाँ नेतृत्व चयन हुदा ४ वटा क्याम्पसमा निर्वाचन भएको छ ।

मकवानपुर बहुमुखी क्याम्पसमा एक हजार दुई सय ८१ मत खसेको छ । स्ववियु निर्वाचन कार्यक्रमअन्तर्गत मंगलबार बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म भएको मतदानमा भएको दुई हजार छ सय ९८ जना मतदातामध्ये ४७ दशमलव ४८ प्रतिशत मत मात्रै खसेको हो । प्रमुख निर्वाचन अधिकृत सन्देश विडारीका अनुसार सौहार्द्धपूर्ण वातावरणमा मतदान सकिएको थियो । मंगलबार साँझदेखि मतगणना सुरु गरिएको छ । मकवानपुर बहुमुखी क्याम्पसमा अनेरास्ववियुका प्रसिद्ध रेग्मी र अनेरास्ववियु क्रान्तिकारीका छोइसाङ लामा नेतृत्वको दुई प्यानलबीच चुनावी प्रतिस्पर्धा रहेको छ । निर्वाचनबाट २ वर्षे कार्यकालका लागि स्ववियुको नयाँ समिति चयन हुनेछ ।

यस्तै स्वतन्त्र विद्यार्थी यूनियन (स्ववियु) निर्वाचनअन्तर्गत मगलबार सम्पन्न मतदानमा हेटौँडा क्याम्पसमा तीन सय ७४ जनाले मतदान गरेका छन् । कुल छ सय ८५ जना मतदातामध्ये ५५ प्रतिशत मत खसेको सहायक क्याम्पस प्रमुख मनोज पोखरेलले जानकारी दिनुभयो। सबै संगठनका प्रतिनिधिसँग बैठक बसेर आचारसंहित निर्माण गरी मतगणना सुरु गरिएको छ। हेटौंडा क्याम्पसमा अनेरास्ववियुका अभि मैनाली र अनेरास्ववियु क्रान्तिकारीका दीपक वाईबाको नेतृत्वमा दुई प्यानलबीच चुनावी प्रतिस्पर्धा रहेको छ ।

हेटौँडा-१० स्थित वनविज्ञान अध्ययन संस्थानमा स्वतन्त्र विद्यार्थी युनियन(स्ववियु) को निर्वाचनमा तीन सय ७४ मत खसेको छ । बिहान ८ बजेबाट ४ बजेसम्म मतदान भएको थियो । चार सय ३८ मतदाता मध्ये तीन सय ७४ मत खसेको स्ववियुका कार्यवाहक अध्यक्ष अमृत देवकोटाले जानकारी दिनुभयो । नेविसंघ र अनेरास्ववियुबाट श्यामराज भट्ट तथा अखिल क्रान्तिकारीबाट छात्र शाही अध्यक्ष पदका उम्मेदवार हुनुहुन्छ। हेटौँडा-१९, बस्तीपुरस्थित निर्मल बहुमुखी क्याम्पसमा प्रशान्त भण्डारीको प्यानल विजयी भएको छ । यसअघि हेटौँडा-६, चौघडास्थित बंशगोपाल बहुमुखी क्याम्पस र मनहरी गाउँपालिकास्थित मनहरी क्याम्पसमा सर्वसम्मत नयाँ समिति चयन भइसकेको छ ।

## पालुङ क्याम्पसमा निर्वाचन हुन सकेन

समाज संवाददाता

हेटौँडा : मकवानपुरको थाहा नगरपालिकास्थित पालुङ बहुमुखी क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचन हुन सकेन। बिहान ८ बजेदेखि निर्वाचन गराउन निर्वाचन अधिकृतले सम्पूर्ण तयारी गरे पनि अनेरास्ववियु र नेपाल विद्यार्थी संघले निर्वाचन अधिकृतको कार्यालयमा तालाबन्दी गरेपछि निर्वाचन हुन नसकेको हो ।

यस्तै निर्वाचन गराउन बिहानैदेखि असहज परिस्थिति निर्माण भएको भन्दै निर्वाचन समितिले मध्यान्ह राजिनामा समेत दिएको छ । निर्वाचन संयोजक कुमार नेगी, सदस्य हरिकृष्ण कार्की, मीना महर्जनले संयुक्त राजिनामा दिएका छन् । निर्वाचन समितिले राजिनामा दिएपछि विवाद समाधान भएको थियो। तर अखिल क्रान्तिकारी र अखिल छैठौंले पनि निर्वाचन संयोजक सहित सदस्यले राजिनामा दिएपछि तालाबन्दी गरेको छ। तालाबन्दी गरेपछि संयोजकसहित सदस्य पुनः बन्धक बनेका छन् । ७२ जना मतदाता रहेको क्याम्पसमा तालाबन्दीसँगै निर्वाचन अनिश्चित बनेको छ । अनेरास्ववियुबाट रोशनी गोपाली र अखिल क्रान्तिकारीबाट रुमिना खत्री अध्यक्ष पदका उम्मेदवार थिए ।

संघीयतापछि शिक्षा, स्वास्थ्य र पूर्वाधारमा उपलब्धी : मन्त्री थापा

## अनलाइनबाटै स्वास्थ्य संस्था दर्ता तथा नवीकरण सेवा



अनलाइनमार्फत स्वास्थ्य संस्था दर्ता तथा नवीकरण गर्न मिल्ने प्रणालीको उद्घाटन गर्नुहुँदै स्वास्थ्यमन्त्री किरण थापा ।

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापाले संघीयता कार्यान्वयनसँगै शिक्षा, स्वास्थ्य तथा भौतिक पूर्वाधार क्षेत्रको विकासमा महत्वपूर्ण उपलब्धी हासिल भएको बताउनुभएको छ । उहाँले संघीयताले नागरिकको मौलिक हकसँगै शिक्षा, स्वास्थ्यमा पहुँच समेत वृद्धि गरेको बताउनुभयो ।

स्वास्थ्य मन्त्रालयको आर्थिक वर्ष २०८१/०८२ को अर्धवार्षिक समीक्षा तथा आगामी आर्थिक वर्ष २०८२/०८३ को योजना तर्जुमा गोष्ठीको समापन सत्रलाई सम्बोधन गर्नुहुँदै मन्त्री थापाले नागरिक लक्षित सेवा प्रवाहमा प्रदेश सरकारले जोड दिएको बताउनुभयो । प्रदेश सरकारले ग्रामिण भेगका नागरिकको पहुँचमा गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने गरी स्थानीय स्तरको स्वास्थ्य संस्थाको स्तरोन्नतिमा जोड दिएको उहाँको भनाई छ।

मन्त्री थापाका अनुसार प्रदेशका आम नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चितताका लागि जनशक्ति र स्वास्थ्य उपकरणको व्यवस्थापनसहित गर्ने काम गरिरहेको उहाँले बताउनुभयो । स्थानीयस्तरका ५ स्वास्थ्य संस्थालाई प्रादेशिक अस्पतालको रुपमा विकास गर्नेगरी प्रक्रिया अघि बढाइएको उहाँको भनाई छ। टेलिमेडिसिन मार्फत् प्रादेशिक अस्पताल र प्रदेशको प्रविधियुक्त स्वास्थ्य संस्थामा जोडेर विशेषज्ञ चिकित्सक सहितको सेवा प्रदान गर्ने गरी तयारी भएको उहाँले जानकारी दिनुभयो ।

मन्त्रालय स्वास्थ्य सेवामा पेपरलेस प्रविधिको प्रयोगमा अग्रसर भइरहेको उहाँले बताउनुभयो । मन्त्रालयले स्वास्थ्य संस्थाको दर्ता, नवीकरण लगायतका कार्य अनलाइन मार्फत् गर्नेगरी प्रविधिको प्रयोगमा ल्याएको उहाँको भनाइ छ । अस्पतालहरुमा बिरामीको चाप व्यवस्थापन गर्न अनलाइन मार्फत् टिकट तथा रिपोर्ट लिने व्यवस्था मिलाइएको उहाँले जानकारी दिनुभयो ।

कार्यक्रममा मन्त्री थापाले अनलाइनबाटै नीजि अस्पताल तथा स्वास्थ्य संस्था दर्ता तथा नवीकरण गर्ने प्रविधिको शुभारम्भ गर्नुभयो । प्रदेशका १३ वटा जिल्लामा सञ्चालित नीजि अस्पताल तथा स्वास्थ्य संस्थाहरुको दर्ता, नवीकरण र स्तरोन्नतिका लागि 'अनलाइन' बाटै आवेदन दिन सकिने गरी व्यवस्था गरिएको हो। निजीस्तरका अस्पताल तथा स्वास्थ्य संस्थाहरु दर्ता, नवीकरण र स्तरोन्नति हुनु अगाडि सम्बन्धित निकायबाट हुने अनुगमनमा आर्थिक चलखेलको आरोप लागेपछि प्रदेश सरकारले अनलाइनबाटै आवेदन दिने गरी सेवा सञ्चालनमा ल्याएको हो । देशभरमा नै पहिलो पटक प्रदेश सरकारले प्रदेशभित्रका स्वास्थ्य संस्थाहरुको दर्ता, नवीकरण र स्तरोन्नतिका लागि अनलाइन सेवा सुरु गरेको मन्त्री थापाले बताउनुभयो ।

स्वास्थ्यमन्त्री थापाले अनलाइनबाट आवदेन दिएपछि मापदण्ड पूरा भए/नभएको हेरेर दर्ता, नवीकरण र स्तरोन्नति गरिने बताउनुभयो । मापदण्ड पूरा नगरेका स्वास्थ्य संस्थाहरूको हकमा मन्त्रालयले ६ महिनाको समय थप दिने, ६ महिनाभित्र पनि मापदण्ड पूरा नगर्नेहरूको दर्ता, नवीकरण नगरिने र सेवा बन्द गर्ने/गराउने प्रक्रियामा जाने उहाँको भनाई छ ।

मन्त्री थापाले अस्पतालको सेवालाई चुस्त र दुरुस्त बनाउने, विद्युतीय हाजिरी सेवा सुरु गरी मन्त्रालयबाटै दैनिक निरीक्षण गर्ने व्यवस्था गरिएको उहाँले बताउनुभयो। उक्त कार्यले निजी अस्पताल एवम् स्वास्थ्य संस्थाहरूलाई सहजीकरणसँगै नियमनमा कडाइ हुने उहाँले विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा प्रदेश सरकारको चालु आर्थिक वर्षमा सम्पादित कार्यक्रमका बारेमा जानकारी दिइएको थियो। मन्त्रालय मार्फत् चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा ३६ प्रतिशत बजेट खर्च गरेको मन्त्रालयका प्रवक्ता डा. खगेशवर गेलालले जानकारी दिनुभयो । मन्त्रालयले उक्त अवधिमा नीति कार्यक्रममा समावेश गरिए अनुसार प्रदेश जनसंख्या नीति निर्माणको मस्यौदा तयार गरेको छ भने सबै नीतिमा स्वास्थ्य नीति लागु गरी कार्यान्वयनको चरणमा अघि बढेको उहाँले बताउनुभयो ।

विद्यालय नर्सको सेवालाई ८४८ वटा माध्यमिक विद्यालयमा पुऱ्याइएको उहाँको भनाई छ । प्रदेशबाट नै १० प्रकारका आयुर्वेदिक औषधी उत्पादन गरिएको र चालु आर्थिक वर्ष भित्रै २२ प्रकारका औषधी उत्पादन गर्ने लक्ष्य रहेको उहाँले जानकारी दिनुभयो । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान मार्फत् ७ विधामा ८ सिटमा एमडीजीपि अध्यापनको तयारी भइरहेको र एमबीबीएस अध्यापनका लागि संरचना विकासको काम भइरहेको उहाँले बताउनुभएको छ ।

## पदमपोखरी क्याम्पसमा स्ववियुको निर्वाचन भएन

समाज संवाददाता

हेटौँडा : मंगलबार त्रिभूवन विश्वविद्यालयमातहत तथा सम्बन्धप्राप्त सामुदायिक क्याम्पसहरुमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचन हुँदै गर्दा हेटौंडा-१३ स्थित पदमपोखरी बहुमुखी क्याम्पसमा भने स्ववियु निर्वाचन हुन सकेन । क्याम्पसमा न्यून विद्यार्थीसँगै संगठन निर्माण नभएकाले निर्वाचन हुन नसकेको बताइएको छ ।

२०६१ सालमा स्थापित क्याम्पसमा लगातर ३ वर्षसम्म १०/१५ जना मात्र विद्यार्थी भर्ना भएका थिए । विद्यार्थीको अभावका कारण लामो समयसम्म बन्द भएका क्याम्पस पुनः संचालनमा आएको छ। तर अहिले पनि क्याम्पसले विद्यार्थीको अभाव झेल्नु परिरहेको पदमपोखरी बहुमुखी क्याम्पसका प्रमुख बगान सिंह थिङले जानकारी दिनुभयो ।

रोजगारीको अभावले युवामा बढ्दो निराशाका कारण अहिले विदेश पलायनको दर बढ्दा विद्यार्थीमा उच्च शिक्षा अध्ययन गर्नुपर्छ भन्ने मानसिकता नभएको उहाँको भनाई छ । स्नातक तह प्रथम वर्षमा अहिले ३० जनाले मात्र राजिष्ट्रेसन फारम भरेका छन् भने १४ जनाले नभरेको प्रमुख थिङले जानकारी दिनुभयो ।

अहिले दोस्रो वर्षमा विद्यार्थी शून्य छ भने तेस्रो वर्षमा पनि भर्खरै भर्ना खुलेको उहाँले बताउनुभयो । क्याम्पसमा क्याम्पस प्रमुखसहित ५ जना प्राध्यापक र प्रशासनतर्फ दुई जना कर्मचारी रहेका छन् ।

## निर्मलमा भण्डारीको प्यानल विजयी



समाज संवाददाता

हेटौँडा : स्वतन्त्र विद्यार्थी यूनियन (स्ववियू) निर्वाचनमा हेटौँडा-१९, बस्तीपुरस्थित निर्मल बहुमुखी क्याम्पसमा अनेरास्ववियुका प्रशान्त भण्डारीको प्यानल नै विजयी भएको छ । मंगलबार सम्पन्न निर्वाचनमा ५३ मतसहित भण्डारी अध्यक्ष पदमा निर्वाचित हुनुभएको हो । अध्यक्षका आकांक्षी विप्लप निकट अखिल (समाजवादी) की नविना घलानले ३१ मत प्राप्त गर्नुभयो ।

निर्मल बहुमुखी क्याम्पसमा ८७ जना मतदाता मध्ये ८४ मत खसेको प्रमुख निर्वाचन अधिकृत गोपीरमण प्याकुरेलले जानकारी दिनुभएको छ । भण्डारीको प्यानलबाट सचिवमा मुना भण्डारी (४७ मत) र कोषाध्यक्षमा सविन अर्याल (४७ मत) निर्वाचित हुनुभएको छ । सचिवमा अर्का प्रत्यासी शान्ति बल (३७ मत) र कोषाध्यक्षका अर्का प्रत्यासी आयुष पुरी (३७ मत) पराजित हुनुभयो । यस्तै सदस्यमा सुजन तामाङ (४८ मत), अम्बिका अर्याल (४६ मत), दुर्गाकुमारी पण्डित (४५ मत) र आयुषा ढकाल (४४ मत) निर्वाचित हुनुभएको छ ।

## मनहरीमा बसको ठक्करबाट स्कुटरमा सवार एकको मृत्यु

समाज संवाददाता

हेटौँडा : मकवानपुरको मनहरी गाउँपालिकामा भएको सवारी दुर्घटनामा एकजनाको मृत्यु भएको छ । सोमबार साँझ ५ बजेर ३० मिनेटको समयमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत मनहरी गाउँपालिका-६, भुलचोकमा चितवनबाट हेटौँडातर्फ आउँदै गरेको बा ४ ख ५५८२ नम्बरको बसले मनहरीबाट चितवनतर्फ जाँदै गरेको बा प्र ०६-००२ प ४२३३ नम्बरको स्कुटरलाई ठक्कर दिएको थियो ।

बसको ठक्करबाट स्कुटरमा सवार चितवन जिल्लाको भरतपूर महानगर पालिका-२, क्षेत्रपुरका २८ वर्षीय आकास बरामु र सुनसरी जिल्लाको ईटहरी उपमहानगरपालिका-७ का २८ वर्षीय बुद्ध लामा घाइते भएका थिए । बसको ठक्करबाट गम्भीर घाईते भएका बरामु र लामालाई उपचारका लागि चितवन मेडिकल कलेज लगिएको थियो। टाउकोमा चोट लागेर गम्भीर भएका बरामुको उपचारको क्रममा सोमबार राती ११ बजेर ४४ मिनेटको समयमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। प्रहरीले बसचालक उदयपुर जिल्लाको चौरण्डीगढी नगरपालिकाका ३० वर्षीय नवीन थापालाई मनहरी बजार बाट नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको जानकारी दिएको छ ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

# Book Review



**Aarohi Keshari**

The book is 'Be Brave'. This book is written by Stephen Barne H and illustrated by Brooks. In this book there are five stories. All stories are wonderful and I learnt a valuable lesson from the stories. But, I want to talk more about the story which I liked the mast. Here, my favourite story is cheating never works everyday. There is a boy who did not like to study. He always afraid of test and exams. But he wanted to get good marks with out study.

Do you think we get good marks without studying ? Is it possible ?

No, we do not get good marks if we do not study hard. Now, lets get back to the story, Then the boy was about to give his exam. He was afraid. He thought that he will cheat from somebody else. But the teacher knew everything. Teacher councelled him. He said sorry to his teacher. He realized his mistake his mistake.

After that he always study hard and gets the good marks. So, friends we shouldn't cheat others. We Shouldn't tell a lie. Because even if you cheat others, you cannot cheat to yourself.

This book is just fantastic which teaches the children many good habits, I request my friends to read all the stories of this book, this book is available in " Kitabghar" and you can get it from there.

Thank You !

*Class-5, Rose Academy Hetauda-4*

# MY Best Teacher



**Sumani Singh**

There are many Teachers in my school. But my favourite teacher Govinda Upreti. I love his teaching style, He is good hearted man. He is very friendly. He always encourage us. He is very kind. He is well disciplined. He has smiling face. He works hard. He never scolds us. He is disciplined and punctual. He has very good personality. His way of teaching is very interesting. He always wear simple and clean clothes. He treats all students equally. He takes our attendance daily in the morning. Everyone has a favourite teacher in the school life. He is very understanding and hardworking teacher. He also tells us very inspiring stories to motivate us to become the right person in the future.

Thank You

*class-5, Shree kamala Basic School, Hetauda-18*

# आमाको भावना, भाग-२



**अन्राज लामा**

हेला नगर दाजुभाइ जन्म दिने आमालाई ।
दिदीबहिनीलाई अनुरोध पाइँदैन आमा किन्नलाई ।

बाँच्नै पर्छ यो दुनियाँमा आमाको आशिर्वाद लिन ।
बाँचेका हुन्छन् यी आमा दुःख पीडा भोगेर ।


ठूलो भएर हामीले आमाको भावना बुझ्नुपर्छ ।
आमाको भावना बुझेर आमाको सम्मान गर्नुपर्छ ।

मान्नुपर्छ हामीले आमालाई भगवानसरि
त्यसैले हामीले ढोग्नुपर्छ आमाको पाउ परी ।

विशाल संसार देखाउने हामीलाई ।
हेला नगर दाजुभाइ जन्मदिने आमालाई ।
दिदीबहिनीदाई अनुरोध पाइँदैन आमा किन्नलाई ।

*कक्षा-८, निर्मल मावि, हेटौंडा-१९*

# साहसी साथी




**लेखक : माधव सयपत्री**
**चित्र : रमेश डंगोल**
**प्रकाशक : साङ्ग्रिला मिडिया ग्रुप प्रा.लि.**
**मूल्य : रू. २५०/-**
**उमेर समूह : १० देखि १४ वर्ष**

साहसी साथी चारजना मिल्ने साथीहरुको कथा हो, रमा, ललिता, कृष्ण र मधुकर । उनीहरु सबैका आआफ्नै कथा छन्। रमाका बा हुनुहुन्न। ललिताकी आमा हुनुहुन्न। कृष्ण र मधुकर दाजुभाइ हुन् । उनीहरुका त बाआमा नै छैनन् । उनीहरु चारैजना सडक बालबालिका हुन् तर उनीहरुलाई आफूहरु सडक बालबालिका भनेर हेपिएको मन परेको छैन ।

आमासँग बस्ने रमा, बासँग बस्ने ललिता र बाआमा नभएका कृष्ण र मधुकरले साहसी साथीमा एकअर्कालाई कसरी सहयोग गर्छन् होला ? सडकमा बोरा बोकेर प्लाष्टिक र थोत्रा जुत्ताचप्पल जम्मा गर्ने उनीहरुको जीवन सधैं उस्तै होला वा केही परिवर्तन होला ? यो अध्याय पुस्तक त्यसैमा केन्द्रीत छ ।

२०६८ सालमा पारिजात बालसाहित्य पाण्डुलिपि पुरस्कार जित्न सफल यो अध्याय पुस्तकका लेखक माधव सयपत्री हुनुहुन्छ। उहाँले यसबाहेक पनि थुप्रै किताबहरु लेखिसक्नुभएको छ । साहसी साथीमा लेखकले साथीहरुले एकअर्कालाई कसरी सहयोग गर्न सक्छन् र जीवनमा सफल हुन सक्छन् भन्ने कुरा देखाउनु भएको छ। यो किताबलाई अझै राम्रो बनाउनका लागि रमेश डंगोलले आकर्षक चित्रहरु कोर्नुभएको छ ।

साङ्ग्रिला मिडिया ग्रुप प्रालिले प्रकाशन गरेको ८० पृष्ठको यो किताबको मूल्य २५० रुपैयाँ रहेको छ । हेटौंडाका भाइबहिनीहरुका लागि भैरबरोडमा रहेको किताबघरमा यो किताब उपलब्ध छ ।

# 'अनुशासन



**रूपसना चौलागाई**

'अनु र 'शासन' मिलेर अनुशासन शब्द निर्माण हुन्छ । 'अनु भनेको आफू र 'शासन' भनेको नियन्त्रण हो। आफूले आफूलाई नियन्त्रण गर्नु नै अनुशासन हो । घर, विद्यालय, चौतारा, सडक आदि जस्ता सबै क्षेत्रमा अनुशासनको आवश्यकता पर्दछ ।

अनुशासनको पालना गर्नाले हामी ज्ञानी र सभ्य हुन्छौं । झूठो नबोल्नु, धीरता राख्नु, ज्ञानी हुनु भनेको पनि अनुशासन हो। अनुशासन मानिसको ठूलो गहना हो । अनुशासन बिनाको मानिस पशु बराबरको हुन्छन् । सानालाई माया गर्नु र ठूलोलाई आदर गर्नु पनि अनुशासन कै उदाहरण हो । अनुशासन भएन भने कुनै पनि काम सही तरिकाले हुन सक्दैन । अनुशासनले हामीलाई जीवनमा सफल हुन मद्दत गर्छ । यसले आत्मसंयम, सहिष्णुता तथा आदर्श आचरण विकास गर्न मदत गर्छ ।

हामीले अनुशासन सिक्न सानै उमेरदेखि प्रयास गर्नुपर्छ । अनुशासित मानिस सबैको प्रिय बन्छन् । त्यसैले हामीले अनुशासन पालना गरी अनुशासित हुन जरुरी छ ।

*कक्षा-४, नवोदय शिशु सदन हेटौंडा-४*

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर
**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

# चित्रकला






**दिपासना थापा**
**कक्षा-११, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट, हेटौंडा-४**






**सुअंशु तिमल्सिना कक्षा-२ कमला आधारभूत विद्यालय, हेटौंडा-१८**






**सृष्टि श्रेष्ठ**
**युकेजी, लिटिल बडी प्रिस्कूल**
**हेटौंडा-४**






**शांकुर्ज गोले**
**कक्षा-९, निर्मल मावि, हेटौंडा-१९**






**रौनक केबी**
**कक्षा-३, जिएस निकेतन, हेटौंडा-५**

# गुरू



**प्रतिमा सिलवाल**

आजबाट मेरो जीवन हुन्छ अब सुरु
यहाँसम्म ल्याउने मलाई प्यारा प्यारा गुरु
हजुरले गर्दा नै म यहाँसम्म पुगें
हजुर बिना म अब कसरी सफल हुने ?

हजुर नै हो मन्दिर मेरो हजुर नै हो देउता
हजुरको सन्तान जस्तै म नि चेली एउटा
मेरो जीवनको सुरुवात नै यहाँबाट भयो
मेरो प्यारो विद्यालय छोडी जानु पर्ने भयो ।

बाध्यता हो मेरो एउटा सङ्घर्ष गर्नु
हजुरहरुको अगाडि राम्रो चेली बन्नु
म जहाँ भए पनि बिर्सिने छैन गुरु
आजबाटै गर्नुपर्छ मैले नयाँ जीवन सुरु ।

विद्यालय छोडी जाने मेरो रहर होइन बाध्यता
ठूलो मान्छे बन्ने छ म असल र सभ्य
हजुरहरुको विश्वासलाई तोड्ने छैन मैले
ठूलो मान्छे मात्रै बन्ने होइन शिक्षित बन्छु जैले ।

साथी जस्तै हुनुहुन्छ गुरु मेरो साथमा
पढ्ने मेरो कर्तव्य साथसाथै जिम्मेवारी काँधमा
हजुरहरुको सधैंभरि पाउन पाए साथ
जीवनभरी लिन पाउँ कापी कलम हात ।

*कक्षा-८, कमला आधारभूत विद्यालय
हेटौंडा-१८*

# आमा



**अर्चना ठाडा मगर**

नौ नौ महिना कोखमा राख्यौ आमा
संसार देखाई तिम्रो मायाले आमा
हात समाई मिठो बोली बोल्न सिकायौ
आमा तिमीले नै मलाई अन्धकारको जीवनबाट झिकायौ ।

पहिलो शिक्षक आमा हुन् दोस्रो शिक्षक गुरु
आमाबाटै गरे पढ्न लेख्न सुरु
ठूलालाई सम्मान गर्न अनि सिकाउनु भयो गर्न सानालाई माया
परिस्थिति आउँदा झेल्नलाई सिकाउनु भयो घाम अनि छाया ।

आमा आफु भोकै बसी हामीलाई खाना खुवाउँछिन्
हाम्रो सामु खुसी देखाई पीडालाई आफु भित्र लुकाउँछिन्
हामीलाई कहिले पनि रुन दिँदैन जस्तै दुःख भए पनि
आमाको माया अमर रहनछ जतिसुकै हामी टाढा गए पनि ।

आमा दिन रात नभनी तिमीले हाम्रा लागि मिहिनेत गर्नुहुँदो रहेछ ।
हाम्रै स्याहार-सुसारमै आमा तिम्रो जीवन बिती गएछ
म नमरुन्जेल हजुरको दुःखमा खाथ दिन पाए
धन्य ठान्थैं आमा यो जुनीलाई यति गर्न पाए ।

*कक्षा-७, बालज्योति मावि, हेटौंडा-५*

# हजुरको बालबालिकाको भविष्य हजुरकै हातमा छ



**सुजन विश्वकर्मा**


नयाँ बर्षको सुरुवात हुन लागेको छ । साल सधैं परिवर्तन भएर जान्छ तर सबैको हाल परिवर्तन भएको हुँदैन । बितेका बर्षले हामीहरुलाई धेरै पाठ सिकाएर जान्छ । त्यसैले हामीले समयमै पाठ सिक्नु अत्यन्तै आवश्यक छ । नयाँ बर्ष साथसाथै नयाँ शैक्षिक सत्रको पनि सुरुवात हुन लाग्यो । शिक्षा भनेको किसानले गरेको खेती बराबर हुन्छ । हामीले मिहिनेत नगरेसम्म आफुले सोचेजस्तो फल पाइँदैन । त्यसका लागि कठोर परिश्रम आवश्यक छ । अहिले अभिभावकहरु पनि आफ्ना बालबालिकालाई राम्रो शिक्षा प्रदान गर्न कहाँ पढाउने भनेर व्यस्त हुनुहुन्छ । कुन विद्यालय छनौट गर्ने अलमल हुनुहुन्छ ।

तर आजभोलि शिक्षा प्रदान गर्ने त एक बाहना मात्र बनेको छ । अनि हामीलाई पनि जुन विद्यालय बढि महंगो छ त्यही विद्यालय धेरै गुणस्तर हो जस्तो लाग्छ । सम्पुर्ण अभिभावकको चाहना नै आफ्नो छोराछोरीको उज्जवल भविष्य हो । आफुले सकिनसकी कमाएको धन-दौलत भन्दा पनि धेरै आवश्यक असल शिक्षा हो । विद्यालय विद्यार्थीको दोस्रो घर हो र गुरुहरु उनिहरुको दोस्रो अभिभावक हुन् । राम्रो शिक्षा हासिल गरेर मात्रै राम्रो मानव बन्न सकिन्छ भन्ने छैन । पढेर विद्या आउने गर्दछ बुद्धी होइन । विद्यार्थी अभिभावकको अगाडि अथवा गुरुहरुको अगाडि मात्र राम्रो बनेर हुँदैन पहिला त आफ्नो समाजको लागि असल हुन सिक्नु पर्यो । सजिलो छ उदाहरण पेस गर्न तर सबैभन्दा कठिन काम हो आफु स्वयं उदाहरण बन्नु । आफ्नो कर्तव्य इमानदारिताको साथ निभाउनु नै हाम्रो ठुलो उपलब्धी हो । बालबालिकालाई किताब रटाउन लगाएर मात्र उ भविष्यमा गएर एक असल व्यक्ति बन्छ भन्ने छैन । त्यसका लागि अनुशासन र प्रतिष्ठा जरुरी छ । अक्षर मात्र चिन्न सक्ने भएर केही हुनेवाला छैन । पहिला त आफुलाई चिन्न सक्नु पर्यो ।

महंगा विद्यालयमा पढेका सबै विद्यार्थी अनमोल हुन्छन् भन्ने छैन । किनकी मानिसको असली मूल्य उसको व्यवहारमा झल्किने गर्दछ ।

*शिक्षक
रेड रोज इङ्गलिस बोर्डिङ्ग स्कुल*

# हाम्रो कक्षाकोठा



**अर्विशन देवकोटा**

मेरो कक्षाकोठा ठुलो र राम्रो छ । हाम्रो कक्षाकोठामा डेक्स र बेन्च छ जहाँ हामी साथीहरुसँग बसेर पढ्छौं । हाम्रो कक्षाकोठाको भित्तामा हामीले लेखेका कुराहरु झुण्डाइएको छ ।

हाम्रो कक्षाकोठामा दुईवटा झ्याल र एउटा ढोका छ । हाम्रो कक्षाकोठामा बसेर नयाँ नयाँ कुरा रमाइलो गर्छौं, सिक्छौं । हाम्रो कक्षाकोठामा एउटा दराज र एउटा मिनी लाइब्रेरी छ ।

*कक्षा-१, कमाने एकेडेमी, हेटौंडा-८*

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र
सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

# बाबा



**श्रीना गहतराज**

संसारको अगाडि तिमी कर्मचारी भएपनि
हाम्रो आँखामा तिमी तारा बनेको छौं
अरुको सामु हाँसेर हिँडे पनि
आृनो पीडा सबै तिमीले लुकाएकै हौं ।

परिवारका लागि तिमी अमूल्य हीरा बनेका छौ
आृनो माया नगरी तिमी हाम्रा लागि बाँचेका छौ
तिमीले मेरा लागि देखेका सबै सपना
पूरा गर्ने छु बाबा ती सबै चाहना ।

बिर्सेकी छैन तिमीले काँधमा राखेर हुर्काएको
बिरामी हुँदा तिमी मेरो छेउ आई रोएको
सन्तानका लागि तिमी समुन्द्र पारी जान्छौ
किन बाबा तिमी सबै पीडा दबाएर राख्छौ ।

तिमीले गरेका सबै दुःख बिर्सन म सक्दिन
कहिले पनि तिम्रो इज्जत झुक्न दिने छैन
जीवनभरि तिमीसँगै नभए पनि
तर तिम्रो साथ कहिले पनि छाड्ने छैन ।

*रेडरोज इङ्ग्लिस बोर्डिङ स्कुल, हेटौंडा-१६*

# आमा



**साक्षी अधिकारी**

९ महिना कोखमा राखेर
तिमीले मलाई जन्मायौ
समाजको नराम्रो सोच देखेर
तिमीले मलाई राम्रो ज्ञान सिकायौं ।

चक चक गरेको बेला
च्याप्प कान समाती करायौं
जति खेर ठुलो भएँ
तिमीले मलाई पढायौं ।

मेरो सबै सपना पूरा गरायौ
मलाई पढाएर ठूलो मानिस बनायौ
तिमी चाहन्छौ म ठूलो मानिस बनू
तिमीलाई दुःख लाग्छ कसरी म ठुलो कुरा गरौं ।

याद आउँछ मलाई तिम्रो बैंसको बेलामा
सँगै हिँड्थ्यौं हामी विभिन्न मेलामा
तिमी हौ मेरो मनको छायाँ
म गर्छु तिमीलाई माया ।

*कक्षा-६, नवोदय शिशु सदन, हेटौंडा-४*

# गजल



**सन्तोष विक**

उनको ओठमा अझै पनि हाँसो खोज्दै छु ।
वेदना र पीडा पोख्न पासो खोज्दै छु ।

चोटले छिया-छिया पारिएको मुटु बोकी म
मेरा लागि उनको मनमा चासो खौज्दै छु ।

भिडैभिडको एकान्तमा भोग गर्ने म ।
गहभरि आँसु बोकी नासो खोज्दै छु ।

सम्झनामा डुबाएर गई उनले मलाई ।
उनकै यादमा डुब्दै उनको नासो खोज्दै छु ।

*कक्षा-१२, महेन्द्र मावि, बकैया-४*

## हार्दिक श्रद्धाञ्जली



जन्म
२०३२ माघ ५ गते


स्वर्गारोहण
२०८१ फागुन २३ गते

स्व. श्वेता डंगोल

यस **पिपलबोट बचत तथा ऋण सहकारी संस्था लिमिटेड**का सञ्चालक समिति सदस्य इरोज डंगोलकी बहिनी **श्वेता डंगोल**को अल्पायुमै निधनको खबरले हामी र्माहत भएका छौ । आज **१३ औं दिनको पूण्यतिथिमा** दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै बहिनीप्रति श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

अजय मानन्धर, अध्यक्ष
एवम् पिपलबोट बचत तथा ऋण सहकारी संस्था लि. परिवार
हेटौंडा-२, पिपलबोट

# सुगा



सुगा कति राम्रो
प्यारो साथी हाम्रो
उड्छ माथि माथि
सुगा धेरै जाती
गाउँछ गीत मिठो
बोल्छ साह्रै छिटो

**नित्यम गजुरेल**

*कक्षा-१, नवोदय शिशु
सदन, हेटौंडा-४*

## लिलामी सम्बन्धी सूचना

*सूचना प्रकाशित मिति: २०८१/१२/०६*

यस गुप्तेश्वरी कृषि सहकारी संस्था लि. अन्तर्गतका गुप्तेश्वरी मकै ब्लक संचालक समितिको नाममा रहेको ट्याक्टर नम्बर बा प्र ०३-०० ४१ लिलामीका लागि न्यूनतम मूल्य टाउको ट्याक्टरको रु. ९,२५,००० (नौ लाख पच्चिस हजार रुपैयाँ मात्र) र टेलरको मूल्य रु. १,५०,००० (एक लाख पचास हजार रुपैयाँ मात्र) र रोडा भेटरको मूल्य रु. ७५,००० (पचहत्तर हजार रुपैयाँ मात्र) गरी जम्मा रु. ११,५०,००० (एघार लाख पचास हजार रुपैयाँ मात्र) रहेको जानकारी गराइन्छ । लिलामी सकार्न चाहने व्यक्ति वा संस्थाले लिलामी गर्न चाहेको वस्तु जहाँ, जुन अवस्थामा छ, सो हेरी बुझी खरिद गर्ने गरी सिलबन्दी प्रस्ताव यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र पेश गर्नुहुन जानकारीका लागि अनुरोध गरिन्छ ।

**गुप्तेश्वरी कृषि सहकारी संस्था लि.**
**हेटौंडा-१२, पान्तले (९८४५५३७६१४)**

## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

### प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता

# शुभको अर्धशतकमा बागमतीको दोस्रो जीत



*बागमती प्रदेशका शुभ कंसाकार र इसान पाण्डे रन लिँदै ।*

समाज संवाददाता

हेटौंडा : नेपाल क्रिकेट संघ (क्यान) को आयोजनामा जारी प्रधानमन्त्री (पीएम) कप क्रिकेट प्रतियोगितामा बागमती प्रदेशले दोस्रो जीत निकालेको छ । रुपन्देही जिल्लाको बुटवल महानगरपालिका भैरवहास्थित सिद्धार्थ क्रिकेट रंगशालामा मंगलबार भएको समूह चरणको पाँचौं खेलमा बागमती प्रदेशको टिमले दोस्रो जीत दर्ता गरेको हो । बागमती प्रदेशको टिमले गण्डकी प्रदेशको टिमलाई ६९ रनले हराएको हो ।

दोस्रो जीत दर्ता गरेसँगै बागमती १० टिम सहभागी प्रधानमन्त्री कप क्रिकेटको तालिकामा छैठौं स्थानमा रहेको छ । समान ४ अंक भए पनि नेट रनरेटका आधारमा कर्णाली प्रदेश पाँचौ स्थानमा छ । समान १० अंक भए पनि रनरेटका आधारमा नेपाल पुलिस क्लब तालिकाको शीर्षस्थानमा छ भने त्रिभुवन आर्मी क्लब दोस्रो स्थानमा छ ।

टस हारेर पहिलो ब्याटिङ गरेको बागमती प्रदेशले निर्धारित ५० ओभरमा ८ विकेटको क्षतिमा २ सय ८८ रन बनाएको थियो । बागमतीका लागि इसान पाण्डेले सर्वाधिक ६९ रन बनाएका थिए । विपिन आचार्यले ६३ रन बनाएका थिए । मकवानपुरे खेलाडी शुंभ कंसाकारले ५२ रन बनाएका थिए । रिजन ढकालले २३ रन र आशुतोष घिरैयाले १४ रन बनाए । इसान र शुभले दोस्रो विकेटका लागि ९० रनको महत्वपूर्ण साझेदारी गरे । पहिलो विकेट २७ रन जोड्दै गर्दा ओपनर आशुतोष घिरैयालाई गुमाएको बागमतीका लागि इसान र शुभले ९० रनको महत्वपूर्ण साझेदारी गर्दै ११७ रन जोडेपछि शुभ आउ ट भएका थिए ।

बलिङतर्फ गण्डकी प्रदेशका अर्जुन कुमालले सर्वाधिमक ४ विकेट लिए । विपिन खत्री र सुवास भण्डारीले समान २/२ विकेट लिए । जवाफी ब्याटिङमा उत्रिएको गण्डकी प्रदेशको टिमले ४४ ओभरमा २ सय १९ रन बनाउँदै अलआउट हुन पुगेको थियो । गण्डकी प्रदेशका लागि बन्स क्षेत्रीले सर्वाधिक ५५ रन जोडेका थिए । यस्तै समीर कँडेलले २६ रन, अमृत गुरुङले २० रन, कमल परियारले १९ रन, सुवास भण्डारीले १८ रन र अर्जुन कुमालले १४ रन बनाएका थिए ।

बलिङतर्फ बागमती प्रदेशका लागि इशान पाण्डेले सर्वाधिक ४ विकेट लिएका थिए । ब्याटिङ र बलिङ दुबैमा राम्रो प्रदर्शन गरेका पाण्डे प्लेयर अफ द म्याच घोषित भए । यस्तै मकवानपुरे खेलाडी बायाँ हाते स्पिनर बलर साकार गजुरेलले २ विकेट थिए । समूह चरणको पहिलो खेलमा बागमतीको टिम सशस्त्र प्रहरी बलको एपीएफसँग, दोस्रो खेलमा आर्मीको टिमसँग पराजित भएको थियो भने तेस्रो खेलमा सुदूरपश्चिम प्रदेशलाई पराजित गरेको थियो । समूह चरणको अन्तिम खेलमा बागमतीले कर्णाली प्रदेशको टिमसँग प्रतिस्पर्धा गर्नुपर्नेछ ।

# झरनाले मुक्तक प्रतियोगिता गर्दै

समाज संवाददाता

हेटौंडाः झरना साहित्यिक परिवार मकवानपुरले मुक्तक प्रतियोगिता आयोजना गर्ने भएको छ । झरना साहित्यिक परिवार मकवानपुरको ३१४ औं साहित्य शृंखला तथा ३१ औं मुक्तक साँझको अवसरमा प्रतियोगिता आयोजना गर्न लागिएको हो ।

प्रतियोगितामा मकवानपुर जिल्लाका कक्षा ९ देखि १२ सम्म अध्ययनरत विद्यार्थीले भाग लिन पाउनेछन् । आगामी चैत २० गते साँझ ५ बजेसम्म दुईओटा अप्रकाशित मुक्तक झरना साहित्यिक परिवारको अधिकारिक ईमेलमा पठाउनुपर्ने र प्राप्त मुक्तकमध्ये उत्कृष्ट १० छनोट गरिने बताइएको छ ।

छनोटमा परेका प्रतियोगीहरुले आगामी चैत २३ गते हुने कार्यक्रममा मुक्तक वाचन गर्नुपर्नेछ । सोही दिन एक उत्कृष्ट मुक्तककारलाई ५ हजार ५ सय ५५ रुपैयाँ र प्रमाणपत्र प्रदान गरिने झरना साहित्यिक परिवार मकवानपुरका सचिव मसान उपासकले जानकारी दिनुभयो ।

सोही कार्यक्रममा शिव-सावित्री अधिकारी स्मृति नवप्रतिभा मुक्तक पुरस्कार -२०८१ इलामका शिव अधिकारीलाई प्रदान गरिने उहाँले बताउनुभयो । नगद १५ हजार र प्रमाणपत्रसहित अधिकारीलाई पुरस्कृत गरिने सचिव उपासकले जानकारी दिनुभयो । झरना साहित्यिक परिवार मकवानपुरले २०६४ सालदेखि निरन्तर प्रतियोगिता आयोजना गर्दै आएको छ ।

कार्यक्रममा मकवानपुरका साथै अन्य जिल्लाका ५ जना मुक्तककारले मुक्तक प्रस्तुत गर्नेछन् । कार्यक्रममा सहभागी हुन शुल्क लाग्ने बताइएको छ ।

# विश्व उपभोक्ता अधिकार दिवस मनाइयो

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले हेटौंडामा विश्व उपभोक्ता अधिकार दिवस मनाएको छ । आइतबार 'स्वच्छ र प्रतिपर्स्धी बजारः उपभोक्ता संरक्षणको दिगो आधार' भन्ने नाराका साथ दिवस मनाइएको हो ।

मन्त्रालयका सचिव राजेन्द्र केसीको अध्यक्षता एवम् उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री सुकुमाया तामाङको प्रमुख आतिथ्यमा दिवस मनाइएको छ । मन्त्री तामाङले उपभोक्ता अधिकारको सम्मान गर्दै गुणस्तरीय, सुरक्षित र न्यायोचित मूल्यमा वस्तु तथा सेवा उपभोग गर्न पाउने हक प्रत्याभूत गराउनु राज्यको दायित्व भएको बताउनुभयो । उपभोक्ता अधिकारको संरक्षण, प्रवर्द्धन तथा कार्यान्वयनका लागि प्रदेश सरकार तयार रहेको उहाँले जानकारी दिनुभयो ।

**उपभोक्ता अधिकारको संरक्षण, प्रवर्द्धन तथा कार्यान्वयनका लागि प्रदेश सरकार तयार रहेको मन्त्री तामाङले जानकारी दिनुभयो ।**

ईन्द्रसरोवर गाउँपालिकाकी उपप्रमुख उमाकुमारी लामाले गाउँपालिकामा प्राविधिक सामग्री नहुँदा अनुगमनमा समस्या भइरहेको जानकारी दिनुभयो । मन्त्रालयका उपसचिव सुनिता गजुरेलले चालु आर्थिक वर्षमा ६ सय १४ वटा व्यवसायको अनुगमन गरिएको जानकारी दिनुहुँदै अनुगमनका क्रममा ७ लाख ७३ हजार रुपैयाँ बराबरको सामान नष्ट गरिएको र ११ लाख ८० हजार रुपैयाँ जरिवाना गराएको बताउनुभयो । अनुगमनका क्रममा नुवाकोट जिल्लामा दर्ता नभई सञ्चालन गरिएको दुईवटा अस्पताल बन्द गरिनुका साथै जरिवाना तिराएको उहाँको भनाइ छ ।

# महिला पत्रकारबीच प्रदेशस्तरीय समाचार लेखन प्रतियोगिता



समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले महिला पत्रकारबीच बागमती प्रदेशस्तरीय समाचार लेखन प्रतियोगिता आयोजना गरेको छ । खोजमूलक पत्रकारिताका लागि महिला पत्रकारहरुलाई विद्वतवृत्ति गर्ने कार्यक्रम अन्तर्गत मंगलबार प्रतियोगिता आयोजना गरिएको हो ।

प्रतियोगितामा उत्कृष्ट २० प्रतियोगीमध्ये १३ जिल्लाका १७ जनाको सहभागिता रहेको थियो । यसअघि खोजमूलक पत्रकारिताका लागि महिला पत्रकारहरुलाई विद्वतवृत्ति कार्यक्रम अन्तर्गत २९ जनाले लेख तथा समाचार पठाएका थिए । जसमा उत्कृष्ट २० जनालाई छनौट गरेर प्रतियोगितामा सहभागी गराएको हो । मन्त्रालयले केही दिनमा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेहरूको नाम सार्वजनिक गरेर प्रदेश सरकारको विशेष समारोहमा क्रमशः २० हजार, १५ हजार, १० हजार र ५ हजार रुपैयाँसहित पुरस्कृत गरिने जनाएको छ । पहिलो चरणमा प्रतियोगितामा सहभागी हुने १७ जनालाई जनही १० हजार रुपैयाँका दरले प्रोत्साहन प्रदान गरिने बताइएको छ ।

कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव बद्रीनाथ गैह्रे, प्रवक्ता अमृत अधिकारी, लैङ्गिक सम्पर्कव्यक्ति चन्द्र कुमारी व्यञ्जनकार, सञ्चारिका समूह नेपाल बागमती प्रदेशका निवर्तमान अध्यक्ष सरिता दाहाल, नेपाल पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारु मगर लगायतको उपस्थिति रहेको थियो । नेपाल पत्रकार महासंघ बागमती प्रदेश र सञ्चारिका समूह नेपाल बागमती प्रदेशको समन्वयमा प्रतियोगिता भएको थियो ।

हार्दिक बधाई


आशिष श्रेष्ठ


ग्रेस श्रेष्ठ

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) को १६ औं राष्ट्रिय महाधिवेशनबाट उपाध्यक्ष निर्वाचित हुनुभएका तुल्सीमेहर मेमोरियल सेकेण्डरी स्कूलका संस्थापक **आशिष श्रेष्ठ**, सर्वसम्मत सहकोषाध्यक्षमा निर्वाचित हुनुभएकी हेटौंडा-३, बसामाडीस्थित शिक्षा विकास शिशु सदनकी संस्थापक प्रिन्सीपल **ग्रेस श्रेष्ठ**सहित नवनिर्वाचित समितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

रामकुमार श्रेष्ठ
अध्यक्ष

सुदिप राज गिरी
सचिव

श्यामकुमार बानियाँ
उपाध्यक्ष

अरूण पराजुली
कोषाध्यक्ष

सदस्यहरू
विजय स्याङ्देन
दिलकुमार थापा मगर
कविता मुडभरी
रजनी श्रेष्ठ
शंकर बहादुर खत्री

प्याब्सन नगर कार्यसमिति परिवार
हेटौंडा उपमहानगरपालिका

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ